स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



मेघौली फिल्म्सको ब्यानरमा निर्माण भएको "डार्क कमेडी" फिल्म "जिरो डिग्री"को प्रदर्शन मिति तय भएको छ। निर्माताले बिहीबार पहिलो झलक सार्वजनिक गर्दै तिहारमा फिल्म आउने जनाएका हुन्। पहिलो झलकले दर्शकीय कौतुहलता जगाएको छ, जसमा अभिनेता विजय बराललाई "पुण्य चौलागाईं" नामक वडाध्यक्षको रुपमा फरक र रोचक अवतारमा प्रस्तुत गरिएको छ। विजयको एक दृश्य निकै प्रतीकात्मक र व्यंग्यात्मक छ।

आजको विचार...



गाउँ...

(दुई पेजमा)

श्री प्रसाद देवकोटा

चलचित्र लालीबजारका केही दृश्य र श्रव्य सामग्री नसुन्ने बनाएर मात्रै प्रदर्शन गर्नका लागि अदालतले आदेश जारी गरेको छ। रोशनी वादीले उच्च अदालत पाटनमा हालेको रिट निवेदनमाथि न्यायाधीशद्वय टंकप्रसाद गुरुङ र अच्युत कुइँकेलको संयुक्त इजलासले सुनुवाइ गर्दै सो आदेश जारी गरेको हो। केन्द्रीय चलचित्र जाँच समितिले गरेको निर्णयको बुँदा नम्बर २ मा उल्लेख भएको "वादी" राजाको सामान" भन्नेसम्मका शब्दहरु नसुन्ने बनाउन इजलासले आदेश दिएको हो।



❐ वर्ष ३१ ❐ अंक ३०० ❐ २०८३ जेठ १५ गते शुक्रबार 29 May 2026, Friday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### विद्यालय आगलागीमा १६ को मृत्यु

(रासस/सिन्ह्वा)

**गिलगिल,** जेठ १४/केन्याको उत्तरपश्चिम क्षेत्रमा रहेको एक विद्यालयमा भएको भीषण आगलागीमा मृत्यु हुनेको संख्या १६ पुगेको छ । उपचारका क्रममा थप ६ विद्यार्थीको मृत्यु भएपछि मृतक संख्या बढेको प्रहरीले बिहीबार पुष्टि गरेको हो । यो घटना नकुरु काउन्टीको गिलगिल क्षेत्रमा रहेको उतुमिशी गर्ल्स एकेडेमीको छात्रावासमा स्थानीय समयअनुसार बिहीबार बिहान करिब १ बजे भएको हो । आगलागी हुँदा अधिकांश विद्यार्थी छात्रावासमा सुतिरहेका थिए। प्रारम्भिक घटनामा १० जनाको मृत्यु भएको थियो भने पछि गम्भीर घाइतेमध्ये थप ६ जनाले ज्यान गुमाएका हुन् । प्रहरीका अनुसार आगलागीपछि छात्रावासमा अफरातफरी मच्चिएको थियो । उद्धार टोली, स्थानीय बासिन्दा र सुरक्षाकर्मीले तत्काल उद्धार अभियान सञ्चालन गरेका थिए । घटनास्थलबाट धेरै विद्यार्थीलाई बाहिर निकालेर विभिन्न अस्पतालमा पुऱ्याइएको थियो । हाल ७० भन्दा बढी विद्यार्थी विभिन्न अस्पतालमा उपचाररत रहेका छन्।

# गणतन्त्रका १८ वर्ष : अझै अधुरै छन् जनताका सपना

**रामचन्द्र रायमाझी**

**पाल्पा,** जेठ १४/नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको शुक्रबार (आज) १८ वर्ष पूरा भएको छ । २०६५ साल जेठ १५ गते संविधान सभाको पहिलो बैठकले नेपालमा गणतन्त्र घोषणा गरेको थियो । झण्डै साढे दुई शताब्दी पुरानो शाहवंशीय राजतन्त्रको अन्त्यसँगै घोषणा गरिएको गणतन्त्र स्थापनाको १८ वर्षपछि पनि जनता अझै अपेक्षा पूरा नहुँदा निराश छन् ।

बेरोजगारी, शिक्षा र स्वास्थ्यको कमजोर अवस्था, भ्रष्टाचार र संस्थागत कमजोरी गणतन्त्रको सफलतामाथि प्रश्न बनेका छन् । लामो संघर्ष र बलिदानपछि मुलुकमा गणतन्त्र घोषणा हुँदा जुन खालको उत्साह थियो, त्यसपछिको राजनीतिक




खिचातानीले जनतालाई निरुत्साहित बनाएको छ । गणतान्त्रिक पद्धतिमा प्रवेश गर्दा पनि मुलुकले समृद्धिको बाटो पक्रन सकेको छैन, जसले गर्दा आम जनताको जीवनशैली बदलिएन । त्यसैकारण पनि जनतामा उतिबेला देखिएको आशा र उत्साह निराशामा बदलिएको हो । मुलकमा व्यवस्था परिवर्तन भए पनि जनताको अवस्था भने उस्तै छ । गणतन्त्र आएपछि जीवन बदलिने सपना देखेका रिब्दीकोटका ५८ वर्षीय ऋषि विश्वकर्माले अहिले पनि पूर्खाले नै गरेको काम गर्नु परेको गुनासो गर्छन् । गणतन्त्र घोषणा हुँदा उनी बारी जोत्दै थिए । अहिलेसम्म पनि त्यही हलो जोतेरै जीवन चलाउदै आएक गुनासो छ । उनले भने "न हाम्रो काम फेरियो, न त हाम्रो स्थिति फेरियो,"उनले भने, "जस्तो हाम्रो पुर्खाको अवस्था थियो, हाम्रो पनि त्यस्तै रह्यो ।" २०६५ जेठ १५ गते देशमा गणतन्त्र आउँदा तानसेन जैसिचौपारीका बाले विक आरानमा फलाम थिच्दै थिए ।

*-बाँकी अन्तिम पेजमा...*

## गुल्मीका दुई वडाध्यक्षको पद गुम्यो





**हाम्रा संवाददाता**

**गुल्मी,** जेठ १४/गुल्मीका दुई वडाध्यक्षको पद गुमेको छ । निर्वाचन आयोगले दल त्याग गरेकाले उक्त पद रिक्त रहेको सूचना जारी गरेको छ । २०७९ सालको स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसका तर्फबाट वडाध्यक्ष पदमा निर्वाचित मुसिकोट नगरपालिका-२ का वडा अध्यक्ष रविन्द्र के.सी. र धुर्कोट गाउँपालिका-३ का वडा अध्यक्ष पदमबहादुर बिष्टले दल त्याग गरेकाले उक्त पद स्वत रिक्त हुन गएको आयोगले विहीबार जारी गरेको सूचनामा उल्लेख छ ।

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ अनुसार निर्वाचित जनप्रतिनिधिले दल त्याग गरी अर्को दलमा प्रवेश गरेमा पद स्वत: रिक्त हुने व्यवस्था छ । सोही कानुनी व्यवस्था अनुसार आयोगले उनीहरूको पद रिक्त भएको निर्णय सार्वजनिक गरेको जनाएको छ । आयोगले विहीबार सूचना प्रकाशित गर्दै सम्बन्धित निकायलाई समेत जानकारी गराएको छ । "राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३२ को उपदफा (१) र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २२ बमोजिम दल त्याग गरेको व्यहोरा दलको केन्द्रीय समितिले निर्णय गरी आयोगलाई जानकारी गराउनुपर्ने कानूनी व्यवस्था बमोजिम नेपाली कांग्रेसको संवत् २०७९ सालको स्थानीय तहको निर्वाचनमा निर्वाचित भएका उल्लेखित जनप्रतिनिधिहरू अन्य दलमा प्रवेश गरेको भनी केन्द्रीय कार्य सम्पादन समितिको निर्णयको प्रतिलिपि सहित आयोगमा जानकारी प्राप्त हुन आएकोले निजहरू निर्वाचित भएका पालिका / तहको निर्वाचित पद स्वक्त रिक्त भएको भनी आयोगबाट मिति २०८३/०२/१३ गते निर्णय भएको हुँदा राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २२ को उपनियम (२) बमोजिम सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ " प्रकाशित सूचनामा भनिएको छ । उनीहरु दल परिवर्तन गरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवेश गरेका छन् ।

## तानसेनमा बौद्ध पर्यटक ल्याउन सिक्किम-दार्जिलिङ यात्रा

**कृष्ण पोखरेल**

**पाल्पा,** जेठ १४/एक आपसमा धार्मिक तथा सांस्कृतिक आदान-प्रदान गर्ने र पाल्पाको ऐतिहासिक नगर तानसेनमा भारतीय बौद्ध पर्यटकहरू भित्र्याउने उद्देश्यका साथ धर्मचक्र बौद्ध युवा संघ, तानसेन-२, बडिज्ञानटोलको भजनटोली एक हप्ता लामो धार्मिक तथा पर्यटकीय भ्रमणमा निस्किएको छ ।



विश्वमा शान्तिको कामना गर्दै निस्किएको उक्त टोलीले भारतको सिक्किम तथा दार्जिलिङका विभिन्न प्रख्यात बौद्ध गुम्बा तथा विहारहरूमा पुगेर तानसेनको रैथाने बौद्ध भजन तथा संस्कृति प्रस्तुत गर्ने कार्यक्रम तय गरेको छ । साथै टोलीले दुबै स्थानको धार्मिक र पर्यटकीय स्थलहरूको भ्रमण गरी तानसेनको ऐतिहासिक कलासंस्कृतिहरु प्रस्तुत गर्ने जनाएको छ । पाल्पामा लामो समयदेखी जोगाइँदै आएको परम्परागत बौद्ध भजन, संस्कृति र संस्कारलाई सिक्किम तथा दार्जिलिङका बौद्ध समुदायमाझ प्रस्तुत गर्ने, भ्रमणका क्रममा सिक्किम तथा दार्जिलिङका बौद्ध भिक्षु, धर्मगुरु तथा बौद्ध धर्मावलम्बीहरूलाई तानसेन र पाल्पाका ऐतिहासिक बुद्ध विहारहरूको भ्रमण गर्न औपचारिक निमन्त्रणा दिने भ्रमण टोलीका संयोजक महेशमान बज्रचार्यले बताए । भविष्यमा सिक्किम, दार्जिलिङ र तानसेन पाल्पाबिच दुईपक्षीय मैत्री सम्बन्ध विस्तार गर्ने, बौद्ध संस्कृति र भजन प्रस्तुत गर्ने वातावरण निर्माण गर्ने र दुई देशका सहरहरूबीच धार्मिक पर्यटनको बलियो सञ्जाल बनाउन भ्रमण केन्द्रित रहेको धर्मचक्र बौद्ध युवा संघका अध्यक्ष बसन्तलाल बज्राचार्यले बताए । उनले भने "हामी हाम्रो क्षेत्रमा रहेको मौलिक बौद्ध परम्परा र भजन संस्कृतिलाई सिक्किम र दार्जिलिङमा प्रदर्शन गर्ने छौ, जसले गर्दा हाम्रो संस्कृतिको प्रचार हुने छ र उनीहरूलाई पनि तानसेन आउन प्रेरित गर्ने छ ।" जेठ १३ गते देखी १९ गते सम्म हुने धार्मिक यात्रामा २२ जनाको सहभागिता रहेको छ । धार्मिक पर्यटनको प्रवर्द्धनमार्फत तानसेनको आर्थिक र सांस्कृतिक विकासमा टेवा पुऱ्याउन र नेपाल र भारतबीचको धार्मिक सम्बन्धलाई थप प्रगाढ बनाउने विश्वास लिइएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## गणतन्त्र दिवसको सान्दर्भिकता

**नेपालमा प्रत्येक वर्ष जेठ १५ गते गणतन्त्र दिवस मनाइन्छ । यो दिन नेपाली जनताले लामो संघर्षपछि निरंकुश राजतन्त्रको अन्त्य गरी जनताको शासन व्यवस्था स्थापना गरेको ऐतिहासिक दिन हो । वि.सं. २०६५ साल जेठ १५ गते संविधानसभाको पहिलो बैठकले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको थियो । त्यसयता यो दिन राष्ट्रिय गौरव र लोकतान्त्रिक उपलब्धिको प्रतिकका रुपमा मनाइँदै आइएको छ । आज पनि विभिन्न कार्यक्रम गरि यो दिवस मनाइँदै छ । नेपाली जनताको बलिदानीपूर्ण संघर्षबाट २४० वर्षे जहानिया शासनको अन्त्य गर्दै जनताको जीत भएको दिन । आज हामीले १९ औँ गणतन्त्र दिवस मनाउँदै गर्दा विसं २००७ सालदेखिका संघर्षहरुको पुन:स्मरण गर्नुपर्ने हुन्छ । २०६२/६३ को जनआन्दोलनपछि गठित संसदको ०६५ जेठ १५ गते बसेको पहिलो बैठकले नेपाललाई औपचारिक रुपमा संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको घोषणा गरेको थियो । राजसंस्था अन्त्य गर्दै गणतन्त्र घोषणा गरिएको यस दिनको सम्झनामा हरेक जेठ १५ लाई गणतन्त्र दिवसको रुपमा मनाइँदै आएको छ । तर, १५ जेठको यो चरणमा नेपाली राजनीति आइपुग्नुमा ००७ सालपछि पटक-पटक भएका राजनीतिक संघर्षहरूको देन पनि उत्तिकै छ ।**

**नेपालमा गणतन्त्र स्थापनापछि समावेशी राजनीति, संघीयता, धर्मनिरपेक्षता तथा सामाजिक न्यायका विषयलाई संस्थागत गर्ने प्रयास भएका छन् । तर गणतन्त्र प्राप्त गर्नु मात्र पर्याप्त होइन, यसको सफल कार्यान्वयन अझ महत्वपूर्ण पक्ष हो । आज पनि देशमा भ्रष्टाचार, बेरोजगारी, राजनीतिक अस्थिरता, विकासको असमानता तथा सुशासनको अभावजस्ता समस्या विद्यमान छन् । जनताले अपेक्षा गरेअनुसार परिवर्तनको अनुभूति गर्न नसकेको गुनासो बढ्दै गएको छ । यसले गणतन्त्रप्रति नागरिकको विश्वास कमजोर हुने खतरा पनि देखिन्छ । त्यसैले गणतन्त्र दिवस केवल उत्सव मनाउने दिन मात्र नभई आत्मसमीक्षा गर्ने अवसर पनि हो । राजनीतिक दल, सरकार र नागरिक सबैले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्न आवश्यक छ । लोकतन्त्रलाई बलियो बनाउन सुशासन, पारदर्शिता, कानुनी शासन र जनमुखी विकासलाई प्राथमिकता दिनुपर्छ । यसो भयो भने मात्र हरेक वर्ष गणतन्त्र मनाउनुले सान्दर्भिकता रहन्छ ।**

## Opinion @ Social Network

कहिलेकाहीँ बाटो धेरै कठिन हुन्छ...
तर सपना सजिलै पूरा हुने भए, संघर्षको अर्थ नै रहने थिएन।
*(भावना मगरको फेसबुक स्टाटसबाट www.facebook.com/Bhawana.Magar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गाउँ रित्तिनुको अर्थशास्त्र



श्री प्रसाद देवकोटा

*रेमिट्यान्सले उपभोगलाई बढाएको छ, तर उत्पादन संरचना कमजोर भएको छ । घरहरू पक्की बनेका छन्, तर खेत खाली छन् । गाउँगाउँमा सडक पुगेका छन्, तर बजार, भण्डारण, प्रशोधन र मूल्य शृङ्खला निर्माण हुनसकेको छैन । परिणामतः विकासको बाहिरी स्वरूप देखिए पनि गाउँको आत्मनिर्भर अर्थतन्त्र क्रमशः क्षयीकरणतर्फ गएको छ । विश्व बैङ्क र विभिन्न अन्तर्राष्ट्रिय अध्ययनहरूको निष्कर्ष पनि यही छ- ग्रामीण क्षेत्रको पतन केवल आर्थिक सङ्कट होइन, सामाजिक सम्बन्ध र सामुदायिक आत्मविश्वासको सङ्कट पनि हो ।एउटा मूलभूत प्रश्न उब्जिएको छ- के विकास केवल उपभोगको विस्तार हो ? यदि मानिसले धेरै सामान किन्यो भने मात्रै समाज समृद्ध हुन्छ ? वा विकासको वास्तविक अर्थ उत्पादन क्षमता, स्थानीय उद्यम, सामाजिक विश्वास र सामुदायिक आत्मसम्मान निर्माण पनि हो ? यस सम्बन्धमा भारतीय अर्थशास्त्री अमर्त्य सेनले विकासलाई केवल आय वृद्धिका रूपमा मात्र होइन, 'मानिसको क्षमता विस्तार' का रूपमा व्याख्या गरेका छन् ।*

समाजशास्त्री एमिल दुर्खेमले समाजमा सम्बन्ध कमजोर हुँदा दिशाहीनता पैदा हुने बताएका थिए । आज गाउँघर यही दिशाहीनताको शिकार बनेका छन् । जब युवाले गाउँमा भविष्य देख्दैन, उसले गाउँ छोड्छ । जब किसानले उत्पादनको मूल्य पाउँदैन, ऊ खेती छोड्छ । जब शिक्षा स्थानीय जीवनसँग जोडिँदैन, शिक्षित पुस्ता गाउँबाट टाढिन्छ । यसै कारण गाउँमा वृद्ध र बालबालिका मात्र बाँकी रहने सामाजिक संरचना निर्माण हुँदैछ । यसले केवल आर्थिक असर पार्दैनह स्थानीय संस्कृति, भाषा, परम्परा र सामुदायिक जीवनलाई पनि कमजोर बनाउँछ । गाउँ खाली हुनु भनेको एउटा सभ्यता क्रमशः मौन हुनु हो । आज गाउँका उब्जाउ खेत बाँझिँदै गएका छन्, सामुदायिक श्रम संस्कृति हराउँदैछ, विद्यालयमा विद्यार्थी सङ्ख्या घटेको छ, र स्थानीय सीप तथा परम्परागत ज्ञान क्रमशः लोप हुँदैछ । रेमिट्यान्सले उपभोगलाई बढाएको छ, तर उत्पादन संरचना कमजोर भएको छ । घरहरू पक्की बनेका छन्, तर खेत खाली छन् । गाउँगाउँमा सडक पुगेका छन्, तर बजार, भण्डारण, प्रशोधन र मूल्य शृङ्खला निर्माण हुनसकेको छैन । परिणामतः विकासको बाहिरी स्वरूप देखिए पनि गाउँको आत्मनिर्भर अर्थतन्त्र क्रमशः क्षयीकरणतर्फ गएको छ । विश्व बैङ्क र विभिन्न अन्तर्राष्ट्रिय अध्ययनहरूको निष्कर्ष पनि यही छ- ग्रामीण क्षेत्रको पतन केवल आर्थिक सङ्कट होइन, सामाजिक सम्बन्ध र सामुदायिक आत्मविश्वासको सङ्कट पनि हो ।एउटा मूलभूत प्रश्न उब्जिएको छ- के विकास केवल उपभोगको विस्तार हो ? यदि मानिसले धेरै सामान किन्यो भने मात्रै समाज समृद्ध हुन्छ ? वा विकासको वास्तविक अर्थ उत्पादन क्षमता, स्थानीय उद्यम, सामाजिक विश्वास र सामुदायिक आत्मसम्मान निर्माण पनि हो ? यस सम्बन्धमा भारतीय अर्थशास्त्री अमर्त्य सेनले विकासलाई केवल आय वृद्धिका रूपमा मात्र होइन, 'मानिसको क्षमता विस्तार' का रूपमा व्याख्या गरेका छन् । उनका अनुसार विकास त्यतिबेला सार्थक हुन्छ, जब मानिसले आफ्नै समाजमा सम्मानपूर्वक बाँच्ने, सिर्जना गर्ने र भविष्य निर्माण गर्ने अवसर पाउँछ । यदि गाउँका युवाले आफ्नै गाउँमा सम्भावना देख्दैनन् भने त्यो केवल आर्थिक असफलता होइन, विकास अवधारणाकै सङ्कट हो । आज नेपालका धेरै गाउँमा यही विडम्बना देखिन्छ । विकासका सूचकहरू बढेका छन्, तर सामुदायिक आत्मविश्वास घटेको छ। भौतिक पूर्वाधार बनेका छन्, तर सामाजिक ऊर्जा कमजोर भएको छ । उत्पादनभन्दा उपभोगलाई प्राथमिकता दिइएको छ । यसले दीर्घकालमा गाउँलाई आत्मनिर्भर होइन, आश्रित बनाउने खतरा बढाएको छ । यो समस्या नेपालमा मात्र सीमित छैनह भारतका ग्रामीण क्षेत्रदेखि अफ्रिकाका कृषि समुदाय र ल्याटिन अमेरिकाका पहाडी बस्तीहरूमा समेत यही साझा कथा दोहोरिएको छ । उत्पादन कमजोर हुँदै जानु, स्थानीय श्रमको अवमूल्यन हुनु र युवाले आफ्नो भविष्य शहर वा विदेशमा मात्र देख्नु गाउँ रित्तिने मुख्य कारण हुन् । युवाविहीन गाउँका उब्जाउ खेत बाँझिएका छन्, विद्यालयमा विद्यार्थी घटेका छन्, परम्परागत सीप हराउँदै गएका छन् र गाउँको अर्थतन्त्र रेमिट्यान्समा निर्भर बन्दै गएको छ । घरहरू बनेका छन्, तर उत्पादन घटेको छ । सडक पुगेका छन्, तर बजार संरचना बनेको छैन । यसले एउटा गम्भीर प्रश्न उठाएको छ- विकास केवल उपभोग वृद्धि हो, वा उत्पादन क्षमता र सामाजिक आत्मविश्वास निर्माण पनि हो ? दार्शनिक कार्ल पोलानीले आफ्नो प्रसिद्ध पुस्तक 'द ग्रेट ट्रान्सफर्मेसन' मा बजार केन्द्रित समाजले मानिसलाई सामाजिक सम्बन्धबाट अलग पार्दै लैजान्छ भनेका थिए । विश्व त्यही सङ्कटबाट गुज्रिरहेको छ । शहरमा मानिसहरू भीडमा छन्, तर सम्बन्धविहीन छन् । प्रविधि छ, तर सामुदायिकता कमजोर छ । सुविधा छ, तर मानसिक शान्ति हराउँदै गएको छ । २१औं शताब्दीको विश्वमा तीव्र विकाससँगै मानवीय अस्तित्व झनै सङ्कटमा छ । जलवायु परिवर्तनले पृथ्वीको तापक्रम बढिरहेको छ, खाद्य आपूर्ति प्रणाली अस्थिर बन्दै गएको छ, बेरोजगारी र असमानता गहिरिँदै छ र मानिसहरू बीचको सामाजिक सम्बन्ध कमजोर हुँदै गइरहेको छ । प्रविधि र शहरीकरणले जीवन सहज भए पनि त्यसले मानिसलाई आफ्नै समाज, माटो र उत्पादन प्रणालीबाट क्रमशः टाढा बनाएको छ । यस्तो समयमा गाउँको प्रश्न केवल विकासको बहस होइनह यो मानव सभ्यताको भविष्यसँग जोडिएको छ । गाउँ विकासका अन्तर्राष्ट्रिय अनुभवहरू चीनले सन् १९८० पछि करिब ८० करोड मानिसलाई गरिबीबाट माथि उठाउन ग्रामीण कृषि सुधार, स्थानीय उद्योग, सहकारी संरचना र पूर्वाधार विस्तारलाई राष्ट्रिय विकासको केन्द्र बनायो । गाउँमा उत्पादन, रोजगारी र आधारभूत सेवा विस्तार नगरी दिगो आर्थिक परिवर्तन सम्भव हुँदैन भन्ने तथ्य चीनको अनुभवले स्पष्ट देखायो । दक्षिणकोरियाको ग्रामीण विकास 'सेमाउल उन्दोङ' (क्वभ्रुबगा ग्लमयलन) अभियानले गाउँलाई आत्मनिर्भर, सङ्गठित र उत्पादनमुखी बनाउँदै राष्ट्रिय विकासको आधार तयार गरेको थियो । 'मिहिनेत, आत्मनिर्भरता र सहकाय' को सिद्धान्तमा आधारित यो अभियानले गाउँलाई केवल अनुदानको उपभोक्ता होइन, विकासको सक्रिय साझेदार बनायो । परिणामस्वरूप ग्रामीण सडक, सिंचाइ, सामुदायिक संरचना, स्थानीय उद्योग र कृषि उत्पादनमा तीव्र सुधार आयो । यही ग्रामीण जागरणले पछि दक्षिणकोरियाको औद्योगिक क्रान्तिलाई समेत बलियो आधार प्रदान गर्‍यो ।जापानमा आज पनि ग्रामीण क्षेत्रलाई केवल कृषि उत्पादनको केन्द्र होइन, सांस्कृतिक जीवन र सामाजिक स्थिरताको आधारका रूपमा हेरिन्छ । जापानी समाजले ग्रामीण जीवनलाई राष्ट्रिय पहिचानसँग जोडेर संरक्षण गरेको छ । युरोपका धेरै देशले अहिले 'गाउँ फर्कने अभियान' सञ्चालन गरिरहेका छन् । स्पेन, इटाली र फ्रान्सका कतिपय गाउँहरू जनसङ्ख्या पलायनका कारण खाली हुन थालेपछि सरकारले युवालाई गाउँ फर्काउन कर छुट, कृषि अनुदान र डिजिटल पूर्वाधार विस्तार गरिरहेको छ । यसको अर्थ- अत्यधिक केन्द्रीकृत शहरले अर्थतन्त्र त निर्माण गर्न सक्छ, तर दिगो समाज निर्माण गर्न सक्दैन । राष्ट्रको दिगो समृद्धिको आधार केवल शहर होइन, जीवन्त र आत्मनिर्भर गाउँ पनि हुन् । संयुक्त राष्ट्रसैको खाद्य तथा कृषि सङ्गठन (एफएओ) का अनुसार विश्वको ठूलो खाद्य उत्पादन अझै पनि साना किसान र ग्रामीण समुदायले धानेका छन् । उत्पादित खाद्यान्नको करिब एकतिहाइभन्दा बढी हिस्सा साना कृषकहरूले उत्पादन गर्छन् । यसको अर्थ, गाउँ कमजोर हुनु भनेको केवल एउटा भूगोल कमजोर हुनु होइनह त्यो विश्व खाद्य सुरक्षामाथिको सङ्कट पनि हो । विश्व बैङ्कको तथ्याङ्कले गरिबी न्यूनीकरणमा ग्रामीण अर्थतन्त्रको भूमिका निर्णायक देखाएको छ । जलवायु सङ्कटको दृष्टिले पनि गाउँको महत्त्व अझ बढेको छ । संयुक्त राष्ट्रसैंय वातावरण कार्यक्रमका अनुसार वन संरक्षण, जैविक विविधता र प्राकृतिक स्रोतको दिगो उपयोगमा स्थानीय समुदायको भूमिका सबैभन्दा प्रभावकारी देखिएको छ । यदि गाउँहरू नष्ट भए भने वातावरणीय सन्तुलन पनि कमजोर हुन्छ । किनकि जङ्गल, पानी, जमिन र जैविक विविधतासँग प्रत्यक्ष सम्बन्ध गाउँकै जीवनसँग गाँसिएको हुन्छ । अन्त्यमा आजको समाजले बुझ्नुपर्छ- भविष्य केवल अग्ला भवन, कृत्रिम बुद्धिमत्ता वा महानगरको विस्तारमा सुरक्षित छैन । भविष्य त्यहाँ छ, जहाँ समुदाय जीवित हुन्छ, उत्पादन स्थानीय हुन्छ, प्रकृतिसँग सम्बन्ध सन्तुलित हुन्छ र मानिसले आफ्नो जीवनलाई अर्थपूर्ण महसुस गर्छ । त्यो आधार गाउँमै छ । गाउँ केवल भौगोलिक क्षेत्र होइनह त्यो खाद्य सुरक्षा, संस्कृति, आत्मनिर्भर अर्थतन्त्र, सामाजिक सहकार्य र वातावरणीय सन्तुलनको आधार हो । गाउँ कमजोर हुँदा मुलुक कमजोर हुन्छ । त्यसैले गाउँ बचाउनु भनेको केवल कृषि जोगाउनु होइन, भविष्य जोगाउनु पनि हो । समृद्ध गाउँ भनेको पक्की सडक, भवन वा आर्थिक सूचकाङ्कको वृद्धि मात्र होइन । त्यो मानवीय सम्बन्धको पुनर्जीवन हो । स्थानीय आत्मविश्वासको पुनर्निर्माण हो। जहाँ मानिसले आफ्नो श्रम, संस्कृति र जीवनप्रति सम्मान महसुस गर्छ जब शिक्षा स्थानीय सम्भावनासँग जोडिन्छ जब विकासले मानिसलाई आफ्नो माटोसँग सम्बन्ध पुन:स्थापित गर्न सक्छ, तब गाउँ समृद्ध हुन्छ । गाउँ बचाउनु केवल ग्रामीण विकासको कार्यक्रम होइनह त्यो भविष्य बचाउने सभ्यतागत अभियान हो। अन्ततः गाउँ त्यतिबेला समृद्ध हुन्छ, जब त्यहाँ बस्ने मानिसले आफ्नो जीवनलाई 'बाध्यता' होइन, 'सम्भावना' का रूपमा देख्न थाल्छन् । ***-अनलाइन खबर***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा योजना पलाउन सक्छ। हतारमा निर्णय नगर्नु राम्रो हुनेछ। | **तुला** : छोटो यात्राको संकेत छ। आफ्नो प्रस्तुतीकरण प्रभावकारी रहनेछ। |
| **बृष** : धनको विषयमा सोच चल्न सक्छ। शरीरमा थकान महसुस हुन सक्छ। | **बृश्चिक** : खर्च र आवश्यकता छुट्याउनुपर्ने दिन छ। सानो बचतले राहत दिन सक्छ। |
| **मिथुन** : मन रमाइलो बनाउनेछ। सहमतिमा गरिएको काम सहज बन्नेछ। | **धनु** : आत्मविश्वास र अनुभवतर्फ मन आकर्षित हुनेछ। दिन ऊर्जावान हुनेछ। |
| **कर्कट** : काममा फेरबदल आउन सक्छ। खानपिनमा ध्यान दिनु हुनेछ। | **मकर** : शान्त वातावरण रोज्न मन लाग्नेछ। विश्राम दिनु आवश्यक हुनेछ। |
| **सिंह** : सिर्जनात्मक सोचले ऊर्जा दिनेछ। मन पर्ने कामतर्फ आकर्षण बढ्नेछ। | **कुम्भ** : भविष्यबारे सकारात्मक सोच बढ्न सक्छ। वातावरण अनुकूल रहनेछ। |
| **कन्या** : आफन्तको कुराले मन छोइन सक्छ। पुराना विषय उठ्न सक्नेछ। | **मिन** : काममा सक्रियता देखिन थाल्नेछ। जिम्मेवारीले विश्वास बढ्न सक्छ। |

## स्वास्थ्य चर्चा

# के धेरै आँप खाँदा अनुहारमा डन्डीफोर आउँछ ?



गर्मी मौसम सुरु हुनासाथ आँपलाई लिएर एउटा प्रश्न फेरि चर्चामा आउँछ- के धेरै आँप खाँदा अनुहारमा डन्डीफोर आउँछन् ? धेरै मानिसहरू डन्डीफोर बढ्ने डरले मात्रै आँप खानबाट बच्न खोज्छन् । यद्यपि, जेनोवा शाल्बी अस्पतालकी छालारोग विशेषज्ञ डा. सुरभी देशपाण्डे भन्छिन्, 'आँपलाई सोझै डन्डीफोरको कारण मान्नु सही होइन ।' डा. देशपाण्डेका अनुसार, आँप आफैँमा सामान्यतया डन्डीफोरको कारण बन्दैन, तर आवश्यकताभन्दा बढी सेवन र खराब जीवनशैलीले केही मानिसहरूमा छालासम्बन्धी समस्या बढाउन सक्छ । उनका अनुसार डन्डीफोर हुनुको पछाडि हर्मोनल परिवर्तन, चिल्लो छाला, तनाव, निद्राको कमी, गलत स्किन केयर, जंक फुड, पानीको कमी र वंशाणुगत कारणहरू बढी जिम्मेवार हुन्छन् । अर्थात्, यदि यी कारणहरू छन् भने आँप नखाँदा पनि अनुहारमा डन्डीफोर आउन सक्छ ।विशेषज्ञहरू भन्छन्, आँप छालाको लागि हानिकारक नभई फाइदाजनक फल मानिन्छ । यसमा भिटामिन 'ए', भिटामिन 'सी' र एन्टिअक्सिडेन्ट प्रशस्त मात्रामा पाइन्छ, जसले छालालाई स्वस्थ राख्न मद्दत गर्छ । डाक्टरहरूका अनुसार समस्या आँपमा होइन, त्यसलाई खाने तरिका र मात्रामा हुन्छ । वास्तवमा धेरै मानिसहरू आँपलाई आइसक्रिम, गुलियो डेजर्ट र तारेको-भुटेको खानेकुरासँग खान्छन् । यही कम्बिनेसनले शरीरमा इन्फ्लेमेसन र छालाको समस्या बढाउने काम गर्छ । गर्मीमा धेरै पसिना आउनु, अनुहार बारम्बार छुनु र सरसफाइको कमीले पनि डन्डीफोरको समस्या बढाउन सक्छ । यस्तो अवस्थामा मानिसहरू झुक्किएर यसको दोष आँपलाई दिन थाल्छन् । डा. देशपाण्डेले अर्को महत्त्वपूर्ण कुरा बताइन् । धेरै पटक मानिसहरू जुन समस्यालाई पिम्पल ठान्छन्, त्यो वास्तवमा 'म्यांगो डर्माटाइटिस' हुन्छ। आँपको बोक्रामा पाइने 'उरुसिओल' नामक तत्वले केही मानिसहरूमा एलर्जी गराउन सक्छ । यसले मुख र अनुहारको वरिपरि चिलाउने, रातो दाग वा साना दानाहरू आउने गर्छ ।यसलाई मानिसहरू अक्सर डन्डीफोर सम्झन्छन्, जबकि यो एक प्रकारको एलर्जीक रियाक्सन हो । विशेषज्ञको सल्लाह छ, आँप खानुभन्दा अघि यसलाई राम्ररी धुनुपर्छ र बोक्रा ताछेपछि हात पनि सफा गर्नुपर्छ । डाक्टर भन्छन्- सीमित मात्रामा आँप खानु पूर्णतया सुरक्षित छ । एक दिनमा एउटा सानो आँप खानु ठिक मानिन्छ। त्यस्तै, मधुमेहका बिरामीहरूलाई भने दुईदेखि तीन साना टुक्रा मात्र खान सल्लाह दिइएको छ ।

**यो कुरामा ध्यान दिनुहोस्**

बजारमा पाइने कृत्रिम आँपको जुस र फ्लेवर भएका उत्पादनहरूबाट टाढै रहन डाक्टरहरूले यो पनि चेतावनी दिएका छन् । किनभने यिनीहरूमा रिफाइन्ड चिनी र प्रिजर्भेटिभ्स धेरै मात्रामा हुन्छन्, जुन वास्तवमा छाला र स्वास्थ्य दुवैका लागि हानिकारक साबित हुन सक्छन् ।

*-रातोपाटी डटकम*

# बिहान खाली पेट दौडिने कि खाएर ?




आधुनिक जीवनशैलीमा स्वस्थ रहन सबैभन्दा सजिलो र प्रभावकारी उपायमध्ये एक हो हिँड्नु । विभिन्न अनुसन्धानहरूले देखाएका छन् कि नियमित हिँडाइले शरीरलाई सक्रिय राख्नुका साथै तौल नियन्त्रण, मेटाबोलिजम वृद्धि र मानसिक स्वास्थ्य सुधारमा महत्वपूर्ण भूमिका खेल्छ । तेज गतिमा हिँड्दा शरीरका मांसपेशीहरू सक्रिय हुन्छन्, ऊर्जा खर्च बढ्छ र तनाव कम भएर मुड पनि राम्रो हुन्छ । यसले मुटु तथा कलेजोसम्बन्धी रोगको जोखिम समेत घटाउँछ । तर धेरै मानिसहरूबीच एउटा सामान्य प्रश्न भने रहिरहन्छ, हिँड्ने सही समय कुन हो रु खाली पेटमा कि खाजा खाइसकेपछि ?

**खाली पेटमा हिँड्दा के हुन्छ ?**

बिहान खाली पेटमा हिँड्नु तौल घटाउन चाहनेहरूका लागि प्रभावकारी मानिन्छ । यसलाई 'फास्टिङ कार्डियो' पनि भनिन्छ । यस्तो अवस्थामा शरीरमा तुरुन्त उपलब्ध ऊर्जा नहुँदा शरीरले सञ्चित बोसोबाट ऊर्जा लिन थाल्छ, जसले तौल घटाउन मद्दत गर्छ । बिहान शरीरमा ग्लुकोजको मात्रा कम हुने भएकाले हिँड्दा मांसपेशीहरूले आवश्यक ऊर्जा प्राप्त गर्न रगतमा रहेको चिनी प्रयोग गर्छन् । चिनी घट्न थालेपछि कलेजोले ग्लाइकोजनलाई ग्लुकोजमा परिवर्तन गरी ऊर्जा पूर्ति गर्छ । यस प्रक्रियाले अतिरिक्त क्यालोरी खर्च भई बोसो घटाउन सहयोग पुर्‍याउँछ । तर मधुमेह वा उच्च रक्तचाप भएका व्यक्तिहरूका लागि खाली पेटमा हिँड्नु जोखिमपूर्ण हुन सक्छ, त्यसैले उनीहरूले यस्तो अभ्यास नगर्नु राम्रो मानिन्छ ।

**खाजा खाइसकेपछि हिँड्नुका फाइदा**

खाना खाइसकेपछि हल्का हिँडाइ पनि निकै लाभदायक हुन्छ । यसले शरीरको स्ट्यामिना बढाउँछ र दैनिक काम गर्ने क्षमतामा सुधार ल्याउँछ । विशेषगरी, खाजा पछि हिँड्दा रगतमा चिनीको मात्रा नियन्त्रणमा राख्न सहयोग पुग्छ, जसले मधुमेह भएका व्यक्तिहरूलाई फाइदा पुर्‍याउँछ । त्यस्तै, उच्च रक्तचाप भएका व्यक्तिहरूले पनि खाना पछि हिँड्दा लाभ लिन सक्छन् । यसका साथै, खाना पछि हिँड्दा पाचन प्रणाली सक्रिय भई खाना सजिलै पच्न मद्दत हुन्छ । हिँड्नु जुनसुकै समयमा पनि फाइदाजनक छ । तौल घटाउन चाहनेहरूले खाली पेटमा हिँड्दा लाभ लिन सक्छन् भने स्वास्थ्य अवस्था अनुसार खाजा पछि हिँड्नु पनि उत्तिकै उपयोगी हुन्छ । सबैभन्दा महत्वपूर्ण कुरा भनेको नियमितता र आफ्नै शरीरको अवस्थालाई ध्यानमा राख्नु हो ।*-इहिमालय टाइम्स डटकम*

# किन आवश्यक छ बजेटमा स्वास्थ्य कर ?




नेपालमा हुने कुल मृत्युको ७० प्रतिशतभन्दा बढी हिस्सा मुटुरोग, क्यान्सर, मधुमेह, उच्च रक्तचाप र दीर्घ श्वासप्रश्वास जस्ता नसर्ने रोगको कारण हुने गर्छ । नसर्ने रोगको यो डरलाग्दो बढोत्तरीमा सुर्तीजन्य पदार्थ, मदिरा तथा अत्यधिक चिनीयुक्त पेय पदार्थको प्रयोग मुख्य कारक रहेको देखिन्छ ।एकातर्फ स्वास्थ्य क्षेत्रमा आउने बाह्य सहायता तथा विकास सहयोग क्रमश: घट्दो क्रममा रहेको छ भने अर्कोतर्फ यस्ता दीर्घरोगको कारण नेपालको स्वास्थ्य क्षेत्र निकै खर्चिलो बन्दै गएको छ । यस्तो जटिल अवस्थामा स्वास्थ्य सेवाका लागि नेपालले दिगो आन्तरिक स्रोत परिचालन गर्ने प्रभावकारी उपाय खोज्नु अपरिहार्य भइसकेको छ । यस पृष्ठभूमिमा 'स्वास्थ्य कर' एउटा शक्तिशाली र बहुआयामिक नीतिगत सुधार हुन सक्छ ।

> *नेपालको अन्त:शुल्क प्रणालीले कुल आन्तरिक राजस्वमा करिब २१ प्रतिशत योगदान दिँदै आएको छ । आर्थिक वर्ष २०८१/८२ मा मात्र सुर्तीजन्य पदार्थ, रक्सी र बियरबाट राज्यले करिब ९८ अर्ब रुपैयाँभन्दा बढी अन्त:शुल्क संकलन गरेको देखिन्छ । जनस्वास्थ्य सुधारको कोणबाट कर प्रणाली अझै निकै फितलो र कमजोर छ । ग्लोबल टोबाको इपिडेमिक रिपोर्ट २०२५ ले २०१४ देखि २०२४ सम्मको दशकमा नेपालमा चुरोटको क्रयशक्ति अर्थात् मानिसको आम्दानीको तुलनामा खरिद गर्न सक्ने क्षमता नघटेको तथ्य उजागर गरेको छ ।*

**के हो स्वास्थ्य कर ?**

सामान्य भाषामा स्वास्थ्य कर भन्नाले मानव स्वास्थ्यमा गम्भीर हानि पुर्‍याउने वस्तुहरू- विशेष गरी सुर्तीजन्य पदार्थ, मदिरा र चिनीयुक्त पेय जस्ता पदार्थमा लगाइने विशेष अन्त:शुल्क हो । स्वास्थ्य कर अर्थशास्त्रको सामान्य सिद्धान्त 'जब कुनै हानिकारक वस्तुको मूल्य करमार्फत बढ्छ, तब विशेष गरी युवा र विपन्न वर्गमा त्यसको पहुँच र उपभोग घट्छ' मा आधारित छ । यसले दीर्घकालीन रूपमा नागरिकको स्वास्थ्य बचाउँने र राज्यको उपचार खर्च कटौती गर्ने हुँदा परम्परागत रूपमा भनिदै आएको पाप कर नभनी स्वास्थ्य कर भन्ने शब्दावली प्रयोग गर्न थालिएको छ ।

**वर्तमान कर प्रणालीका कमजोरी**

नेपालको अन्त:शुल्क प्रणालीले कुल आन्तरिक राजस्वमा करिब २१ प्रतिशत योगदान दिँदै आएको छ । आर्थिक वर्ष २०८१/८२ मा मात्र सुर्तीजन्य पदार्थ, रक्सी र बियरबाट राज्यले करिब ९८ अर्ब रुपैयाँभन्दा बढी अन्त:शुल्क संकलन गरेको देखिन्छ । तर, राजस्वको यो अंक जति ठूलो देखिए पनि जनस्वास्थ्य सुधारको कोणबाट कर प्रणाली अझै निकै फितलो र कमजोर छ । ग्लोबल टोबाको इपिडेमिक रिपोर्ट २०२५ ले २०१४ देखि २०२४ सम्मको दशकमा नेपालमा चुरोटको क्रयशक्ति अर्थात् मानिसको आम्दानीको तुलनामा खरिद गर्न सक्ने क्षमता नघटेको तथ्य उजागर गरेको छ । नेपालमा चुरोटको खुद्रा मूल्यमा करको हिस्सा दक्षिण एसियामै सबैभन्दा कम करिब ३४ प्रतिशत मात्र छ, जबकि विश्व स्वास्थ्य संगठनले जनस्वास्थ्य लाभ लिनका लागि कम्तीमा ७५ प्रतिशत पुर्‍याउन सिफारिस गरेको छ । चुरोटमा लम्बाइ र प्रकारका आधारमा अन्तशुल्कका ५ वटा दर विद्यमान छन् । जसले उद्योगीहरूलाई आफ्ना उत्पादनलाई डाउन सिप्टिङ गर्ने अवसर प्रदान गरेको छ । विभिन्न प्रकारका मदिराजन्य पदार्थमा मा रहेको अल्कोहलको मात्रा को आधारमा अन्तशुल्क दर कायम भएकाले तुलनात्मकरुपमा प्रगतिशील देखिए पनि मुद्रास्फीति (महँगी) र नागरिकको आम्दानी वृद्धिको अनुपातमा कर समायोजन नगरिँदा वास्तविक रूपमा मदिराजन्य पदार्थ झन् सुलभ र सस्तो बन्दै गएको छ । अझ चिनीयुक्त पेय पदार्थमा त नेपालको कर नीति निकै पुरातन छ । अहिले यस्ता पेय पदार्थमा चिनीको मात्रा जतिसुकै भए पनि प्रतिलिटरका आधारमा एउटै दरमा कर लगाइन्छ । यसले गर्दा उद्योगहरूलाई पेय पदार्थमा चिनीको मात्रा घटाउन कुनै प्रोत्साहन मिलेको छैन ।

**स्वास्थ्य कर सुधारमा तत्काल गर्न सकिने काम**

**१.सुर्तीजन्य पदार्थ**

लम्बाइ र प्रकारमा आधारित हालको जटिल कर प्रणाली हटाउने । पहिलो चरणमा ३ श्रेणी (विना फिल्टर, ?७५ मिमी, र .७५ मिमी फिल्टर) मा सीमित गर्ने र दोस्रो चरणमा सबै चुरोटमा एउटै एकनास विशिष्ट अन्त:शुल्क लागू गर्ने । सुर्तीजन्य, गुठ्खा लगायतका पदार्थमा पनि यही सिद्धान्त अपनाउने । पहिलो वर्ष अन्त:शुल्कमा न्युनतम ४० प्रतिशत वृद्धि गर्ने र आ.व. २०८६/८७ सम्ममा कुल करको हिस्सा खुद्रा मूल्यको कम्तीमा ७५ प्रतिशत पुर्‍याउने । तत्पश्चात महँगी (मुद्रास्फीति) र प्रतिव्यक्ति आय वृद्धिका आधारमा हरेक वर्ष करको दर स्वचालित रूपमा थप गर्ने । अन्त:शुल्कमा ३५ प्रतिशत वृद्धि गर्दा धूम्रपान दरमा कमि आउनुका अलावा आ.व. २०८३/८४ मै वार्षिक ७ अर्ब रुपैयाँभन्दा बढी अतिरिक्त राजस्व संकलन हुनसक्ने ।

**२.मदिराजन्य पदार्थ**

मदिराजन्य पदार्थको अन्त:शुल्कलाई कुल परिमाणको सट्टा त्यसमा रहने विशुद्ध अल्कोहलको मात्रा अनुसार निर्धारण गर्ने । हालको करको दर न्यून भएकाले सो मा उल्लेख्य वृद्धि गरि खुद्रा मूल्यमा करको हिस्सा कम्तीमा विश्वव्यापी औसत (बियरमा १७ प्रतिशतदेखि रक्सीमा २७ प्रतिशत पुग्ने गरी अन्त:शुल्क दर बढाउने ।

**३.चिनीयुक्त पेय पदार्थ**

हाल सबै उत्पादनमा समान रहेको विद्यमान अन्तशुल्क (पेय पदार्थको प्रकारको आधारमा रु.१३.५० देखि रु ५२ प्रतिलिटर) हटाई पेय पदार्थमा भएको चिनीको मात्रा अनुसार कर लगाउने जस्तै: १०० एमएलमा ४ ग्रामभन्दा बढी चिनी भए मात्र कर लाग्ने र सो भन्दा बढी जति चिनीको मात्रा बढ्दै जान्छ सोही अनुपातमा करको दरमा मा समेत वृद्धि गर्ने । यसले उद्योगलाई चिनी घटाउन र उपभोक्तालाई स्वस्थ विकल्प रोज्न प्रेरित गर्छ। हालको न्यून करको आधारलाई बढाउने । स्वास्थ्य कर नागरिकलाई सास्ती दिने दण्डात्मक व्यवस्था नभई जनस्वास्थ्य संरक्षण गर्ने र राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुर्याउने अवसर हो । हाम्रा विद्वान अर्थमन्त्रीले समेत बुझ्नुभएको कुरा के हो भने सुर्तीजन्य पदार्थ र मदिराजस्ता लत लाग्ने वस्तुमा अन्त:शुल्क कर बढाउँदा उद्योगहरूले दाबी गरेजस्तो राजस्व घट्दैन, किनभने यस्ता वस्तुको माग तुलनात्मक रूपमा कम लोचदार हुन्छ ।

*-अनलाइनखबर डटकम*

# अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाइँदै




**पाल्पा,** जेठ १४/आज ७३ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस नेपालसहित विश्वभर विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदै छ । विश्वको सर्वोच्च शिखर सगरमाथा पहिलो पटक मानवले सफल आरोहण गरेको दिनको सम्झनामा हरेक वर्ष मे २९ तारिखमा यो दिवस मनाउने गरिन्छ ।

वि.सं. २०१० जेठ १५ गते न्यूजिल्यान्डका आरोही एडमण्ड हिलारी र नेपाली शेर्पा तेन्जिङ नोर्गे शेर्पा ले पहिलो पटक सगरमाथाको सफल आरोहण गरेका थिए । उक्त ऐतिहासिक उपलब्धिको सम्मानस्वरूप नेपाल सरकारले २०६५ सालदेखि अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाउन थालेको हो । विभिन्न पर्यटनसँग सम्बन्धित सैसंस्थाहरुले आज विभिन्न कार्यक्रम मनाउँदै छन् । सगरमाथामा मानव पाइला पुगेसँगै नेपालमा पर्वतीय पर्यटनको सुखद् सुरुआत भएको थियो । दिवसका अवसरमा विभिन्न स्थानमा प्रभातफेरी, अन्तरक्रिया, सरसफाइ अभियान तथा पर्वतारोहणसँग सम्बन्धित कार्यक्रम आयोजना गरिएको छ । पर्यटन व्यवसायी तथा वातावरणविद्हरूले सगरमाथा क्षेत्रको संरक्षण, जलवायु परिवर्तनको असर न्यूनीकरण तथा सुरक्षित पर्वतारोहणमा ध्यान दिनुपर्ने बताउँदै आएका छन् । नेपाल पर्यटन बोर्डले यस दिवसले नेपालको पर्यटन प्रवर्द्धन तथा हिमाल संरक्षणबारे विश्व समुदायमा सकारात्मक सन्देश प्रवाह गर्न सहयोग पुग्ने जनाएको छ । अन्तर्राष्ट्रिय सगरमाथा दिवसले नेपाली पहिचान, साहस र हिमाली सभ्यताको गौरवलाई विश्वमाझ चिनाउन महत्वपूर्ण भूमिका खेलेको विश्वास गरिएको छ । उनले विश्वभरिका साहसिक पर्यटकहरूलाई नेपालतर्फ ध्याकर्षण गराउने तथा नेपाल भित्र्याउनका लागि सगरमाथा दिवसले सहयोग पुग्ने बताए । पछिल्लो समय विश्वव्यापी जलवायु परिवर्तनका कारण तापक्रमको वृद्धिसँगै सगरमाथा लगायतका हिमालहरू यसको असरको चपेटामा पर्दै गएको भन्दै जलवायु परिवर्तनको असरलाई न्यूनीकरण तथा हिमालका फोहोरमैला व्यवस्थापन लगायतका चुनौतीलाई सामना गर्दै हिमाललाई प्रदूषणरहित बनाइराख्न सहकार्य र समन्वयवको आवश्यकता रहेको बताइएको छ ।

## गणतन्त्रका १८ वर्ष...

...फलामका औजार बनाउने पुर्खयौली पेसा भएको परिवारका उनीमा त्यति राजनीतिक चेत थिएन, तर २२ वर्षे जवानमा उनी पनि गणतन्त्र ल्याउन भन्दै गाउँलेहरुसँगै आन्दोलनमा होमिएका थिए । पछि देशमा गणतन्त्र आएको सुने । गणतन्त्र आएपछि देश र जनताको अवस्था फेरिने उनले सुनेका थिए । तर विकले सुनेको कुरा कहिल्यै साँचो लागेन । अहिले पनि उनी त्यही पूर्खौली पेशा गर्दै आएका छन् । उनीहरुसँगै धेरैले व्यवस्था परिवर्तनले जीवनमा खासै प्रभाव नपारेको बताउँछन् । मुलुकमा गणतन्त्र आएको १८ वर्ष पूरा भएको छ । तर, जनताको लामो संघर्ष र बलिदानपछि मुलुकमा गणतन्त्र आए पनि अहिलेसम्म उनीहरुको जीवनमा परिवर्तन आउन सकेको छैन् ।

**आज १९ औँ गणतन्त्र दिवस मनाइँदै**

नेपालमा आज १९ औँ गणतन्त्र दिवस विभिन्न कार्यक्रमका साथ मनाइँदै छ । २०६५ साल जेठ १५ गते संविधानसभाको पहिलो बैठकले २४० वर्षे राजतन्त्रको अन्त्य गर्दै नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको सम्झनामा हरेक वर्ष यो दिवस मनाउने गरिन्छ । गणतन्त्र दिवसका अवसरमा देशभर प्रभातफेरी, सांस्कृतिक कार्यक्रम, दीप प्रज्वलन तथा विभिन्न सचेतनामूलक कार्यक्रम आयोजना गरिदैं छ । सरकारले सैनिक मञ्च टुँडिखेलमा विशेष समारोहको आयोजना गरेको छ, जहाँ राष्ट्रपति, सभामुख, विभिन्न दलका नेताहरू तथा उच्च पदस्थ अधिकारीहरूको उपस्थिति रहने बताइएको छ । गणतन्त्र दिवसलाई लोकतान्त्रिक उपलब्धिको महत्वपूर्ण दिनका रूपमा लिइन्छ । २०६२/६३ को जनआन्दोलनपछि स्थापित राजनीतिक परिवर्तनको प्रतीकका रूपमा यो दिवस मनाइँदै आएको छ । देशको शासन व्यवस्था नै परिवर्तन भइ गणतन्त्रात्मक व्यवस्था शुरु भएको दिनलाई प्रत्येक वर्ष गणतन्त्र दिवसका रुपमा मनाउने गरिन्छ । जननिर्वाचित पहिलो संविधानसभाबाट २०६५ जेठ १५ गते निरंकुश राजतन्त्रको विधिवत् अन्त्य गर्दै नेपालमा सैंघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था प्रारम्भको घोषणा भएको थियो । हजारौँको बलिदान, लाखौँ नागरिक सडकमा उत्रिएर गणतन्त्र ल्याइएको हो । विसं २०६३ वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्रले आन्दोलनरत दलको मार्गचित्रबमोजिम विसं २०५९ जेठ ८ गते विघटन भएको संसद् पुन:स्थापना गरे । गणतन्त्र स्थापनाका लागि यही आन्दोलन जगका रूपमा स्थापित भयो । संसद् विघटनपछि सशस्त्र द्वन्द्वका कारण निर्वाचन हुन सकेन । निर्वाचन नभएपछि राजाले इच्छा लागेका मानिसलाई प्रधानमन्त्री बनाउने र हटाउने शृङ्खला चल्यो । राजा ज्ञानेन्द्रले लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र शेरबहादुर देउवा गरी तीन जनालाई प्रधानमन्त्री बनाउँदै हटाउँदै गरे । विसं २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नै हातमा लिएपछि आन्दोलनरत सात दल र तत्कालीन सशस्त्र युद्धरत नेकपा (माओवादी)का बीच १२ बुँदे समझदारी भयो । पूर्ण लोकतन्त्र स्थापनाका लागि दुवै शक्तिबीच समझदारी भएको थियो । विसं २०६२ मङ्सिरमा १२ बुँदे समझदारीका माध्यमबाट तीन ध्रुवमा विभाजन भएका राजनीतिक शक्ति दुई ध्रुवमा आएपछि आन्दोलनले गति लियो । विसं २०६२ फागुनदेखि सुरु भएको निर्णायक आन्दोलनले चैतमा गति लियो । नयाँ वर्षसँगै लाखौँ जनता सडकमा आए । राजा ज्ञानेन्द्र दलहरूको मार्गचित्रमा सहमत भए । आन्दोलनरत दलले गरेकै मस्यौदाका आधारमा राजा ज्ञानेन्द्रले वैशाख ११ गते राति संसद् पुन:स्थापनाको घोषणा गरी बैठकसमेत आह्वान गरे । यसैले यस दिनलाई लोकतन्त्र दिवस भनिन्छ । यो दिन नै गणतन्त्रको जगका रूपमा स्थापित बन्यो । विसं २०६३ जेठ ४ गतेको संसद्ले राजदरबारको अधिकार कटौती गर्दै राजसंस्थालाई निलम्बन गऱ्यो । बैठकले माओवादीलाई शान्ति प्रक्रियामा ल्याई संविधानसभा निर्वाचन गर्ने संकल्प प्रस्ताव पारित गरेको थियो । यसलाई नेपाली 'म्याग्नाकार्टा' पनि भनिन्छ । यसैको जगमा विसं २०६४ चैत २८ गते पहिलो संविधानसभा निर्वाचन भयो । संविधानसभाको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले २४० वर्षे राजसंस्थाको विधिवत् अन्त्य गरेको हो ।

अर्थ/कर्पोरेट समाचार

# स्वास्थ्य बीमा सम्बन्धी निर्णय तत्काल फिर्ता लिन पाल्पाका राजनीतिक दलहरुको माग



**पाल्पा,** जेठ १४/पाल्पाका प्रमुख ६ राजनीतिक दलहरुले स्वास्थ्य बीमा सम्बन्धी सरकारले गरेको पछिल्लो निर्णय तत्काल फिर्ता लिन सरकारसँग माग गरेका छन् । उनीहरूले निजी अस्पतालमा स्वास्थ्य बीमाको कटौती गर्ने सरकारको निर्णयले सर्वसाधारण नागरिक, विशेषगरी विपन्न तथा ग्रामीण क्षेत्रका नागरिकहरू प्रत्यक्ष रूपमा प्रभावित हुने भन्दै निर्णय फिर्ता लिन सरकारसँग माग गरेका हुन् ।

उनीहरुले विहिबार सहायक प्रमुख जिल्ला अधिकारी ऋषिराम सुवेदीमार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाउँदै स्वास्थ्य बीमा कार्यक्रमलाई कमजोर बनाउने कुनै पनि कदम स्वीकार्य नहुने उल्लेख गर्दै तत्काल निर्णय फिर्ता लिन माग गरेका छन् । दलहरूले स्वास्थ्य सेवा नागरिकको आधारभूत अधिकार भएकाले बीमा कार्यक्रमलाई थप प्रभावकारी र सर्वसुलभ बनाउनुपर्नेमा उल्टै कटौती गर्नु गलत भएको ठहर गरेका छन् । मंगलबार एक सूचना जारी गर्दै स्वास्थ्य बीमा बोर्डले निजी अस्पतालमा आकस्मिकबाहेकका सबै बीमा सेवा जेठ १६ गतेदेखि स्थगित गर्ने निर्णय गरेपछि दलहरुले आपत्ति जनाउँदै सरकारको ध्यानाकर्षण गराएका हुन् । नेपाली काँग्रेसका सभापति हिमालदत्त श्रेष्ठ, नेकपा एमालेका अध्यक्ष ओम बहादुर घर्ती मगर, नेपाली कम्यूनिष्ट पार्टीका संयोजक अशोक कुमार शाही, राष्ट्रिय प्रजातन्त्र पार्टीका उपाध्यक्ष धुव खाती, राष्ट्रिय जनमोर्चाका अध्यक्ष विशाल दर्लामी र ने.क.पा. (माओवादी) का सेक्रेटरी मिन बहादुर आले लगायतले संयुक्त रुपमा ज्ञापन पत्र जारी गर्दै सो निर्णय फिर्ता लिन सरकारसँग आग्रह गरेका छन् । स्वास्थ्य बीमा कार्यक्रम जनतालाई सहज, सुलभ र सर्वसाधारणको पहुँचभित्र स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले ल्याइएको महत्वपूर्ण सामाजिक सुरक्षा कार्यक्रम भए पनि सरकारको गलत निर्णयले लाखौं नागरिक उपचार सेवाबाट बञ्चित हुने साथै स्वास्थ्य क्षेत्रमा अन्योल सिर्जना हुने ज्ञापनपत्रमा उल्लेख छ । सरकारको निर्णयले निम्नवर्ग, श्रमिक, किसान, ज्येष्ठ नागरिक, दीर्घरोगी, महिला, बालबालिका तथा ग्रामिण क्षेत्रका नागरिकहरु प्रत्यक्ष रुपमा प्रभावित हुने भएकाले तत्काल फिर्ता लिन दलहरुले सरकारसँग माग गरेका छन् । दलहरुले निर्णय फिर्ता नलिए थप आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनीसमेत दिएका छन् । स्थानीय तह, नागरिक समाज तथा स्वास्थ्यकर्मीहरूले पनि स्वास्थ्य बीमा कार्यक्रमलाई व्यवस्थित र निरन्तर सञ्चालन गर्न सरकारलाई आग्रह गरेका छन् । स्वास्थ्य बीमा बोर्ड तथा सम्बन्धित निकायले भने बढ्दो वित्तिय संकटलाई मध्यनजर गरी सो निर्णय गरिएको जनाएको छ । तर स्थानीय स्तरबाट त्यसको विरोध बढ्दै गएको छ ।

खेलकुद समाचार

## 'रोड टु युएफसी'को सेमिफाइनलमा रविन्द्र ढाँट



**काठमाडौं,** जेठ १४/नेपाली एमएमए फाइटर रविन्द्र ढाँट युएफसीको छनोट प्रतियोगिता रोड टु युएफसी सिजन ५ को सेमिफाइनलमा प्रवेश गरेका छन् । बिहीबार मकाउको ग्यालेक्सी एरेनामा भएको क्वाटरफाइनलमा फिलिपिन्सका किम्बर्ट अलिन्टोजोनलाई हराउँदै रविन्द्र सेमिफाइनलमा पुगेका हुन् । 'बझाङको बाघ' भनेर समेत चिनिने रविन्द्र ढाँट रविन्द्र रोड टु युएफसीमा फाइट जित्ने पहिलो नेपाली फाइटर समेत बनेका छन् । रविन्द्रले सेमिफाइनलमा जापानका योनुसुके मिनामी र न्युजिल्यान्डका कासिब मुर्डोकबीचको विजेतासँग खेल्नेछन् । उनी पछिल्लो समय नेपाली एमएमएमा सबैभन्दा चर्चित फाइटरको रुपमा चिनिन्छन् ।


**गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं ।**

-जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
-संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
-सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
-विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
-राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
-विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
-लोकतान्त्रिक मूल्य-मान्यता र मानवअधिकारको संरक्षण गरौं।

गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई